नेपाल वायुसेवा

# आकाश भैरव
# AAKASH BHAIRAB
*In-House Journal*

Vol. 42, No. 5 Chaitra-Baishak (2080) April-May (2023)

## निगमको वार्षिक बजेट २०७९/८० समीक्षा बैठक सम्पन्न

नेपाल वायुसेवा निगमको Traffic Revenue for FY 2080-81 and Budget Review (2079-80) Meeting २०८०/०१/०७ गते आन्तरिक स्टेशन तथा २०८०/०१/१४ र १५ गते अन्तर्राष्ट्रिय स्टेशनहरूको बैठक कार्यकारी अध्यक्ष श्री युबराज अधिकारीको अध्यक्षतामा सम्पन्न भयो । उक्त बैठकको




उद्घाटन सत्रमा संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री माननीय सुदन किराती र सचिव श्री सुरेश अधिकारीको उपस्थिति रहेको थियो ।

उक्त सत्रमा मन्त्रीज्यू तथा सचिवज्यूबाट विशेष निर्देशनात्मक सुझाव प्राप्त भएको थियो । उहाँहरूको उपस्थितिले निगमलाई थप हौसलाका साथै काम गर्ने ऊर्जा समेत प्राप्त भयो । मन्त्री तथा सचिवले आफूहरू अविभावकीय भूमिकामा रहेर निगमको सुधारको लागि कटिवद्ध भई लाग्ने बताउनु भयो । यसैगरी मन्त्रीले "राष्ट्रिय ध्वजा हाम्रो घर, चन्द्र सूर्य संसार भर" भन्ने नाराका साथ काम गर्ने र गराउने कुरामा विश्वस्त तुल्याउनु



भयो । उक्त कार्यक्रममा प्रथम, द्वितीय र तृतीय हुने अन्तर्राष्ट्रिय स्टेशनका प्रमुखहरूलाई कार्यकारी अध्यक्ष, संचालक समितिका पदाधिकारी एवं नायव महाप्रवन्धक (प्रा) बाट प्रशंशा पत्र तथा मायाको चिनो प्रदान गरियो । उक्त कार्यक्रमको सञ्चालन निगमका प्रवक्ता रमेश पौडेलले गर्नु भएको थियो ।

# सम्पादकीय

राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगमको आर्थिक वर्ष २०८०/८१ को लागि ट्राफिक रेभिन्यु र आ.व. २०७९/८० को बजेट समीक्षा बैठक सम्पन्न भएको छ । उक्त बैठकको उद्घाटन सत्रमा संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री माननीय सुदन किराती र सचिव श्री सुरेश अधिकारीको समुपस्थिति रहेको थियो । मन्त्रीज्यूबाट "राष्ट्रिय ध्वजा हाम्रो घर, चन्द्र सूर्य संसार भर" भन्ने मूल मन्त्रका साथ काम गर्ने र गराउने कुरामा दृढता व्यक्त गर्नु भएको थियो । यसबाट निगमलाई थप कार्य-ऊर्जा प्राप्त भएको छ ।

त्यसैगरी, निगमले गन्तव्य विस्तारको आफ्नो योजनालाई प्राथमिकता दिइरहेको छ । पछिल्लो समय गुल्मीको रेसुंगा नगरपालिकाको सिमीचौरस्थित रेसुंगा विमानस्थलमा परीक्षण उडान सम्पन्न गरेर रेसुंगा नगरपालिकासँगको सहकार्यमा गुल्मीवासीलाई सहज हवाइ यातायात सेवा प्रदान गर्ने गरी निगमले व्यावसायिक उडान थालनी गरेको छ । आन्तरिक गन्तव्य विस्तारसँगै अन्तर्राष्ट्रिय गन्तव्य विस्तारलाई समेत निगमले रणनीतिक प्राथमिकता सूचीमा राखेर कार्य गर्दै आइरहेको छ । यसै क्रममा निगमले अष्ट्रेलियाको सिड्नी उडान विस्तारका निम्ति सम्भाव्यता अध्ययनसहितको कार्य थालनी गरिसकेको छ । निगमले एयरबसमार्फत सिंगापुरमा 'टच डाउन' गरेर काठमाडौं-सिड्नी सिधा उडान भर्ने गरी गृहकार्य भइरहेको छ । यसका निम्ति सम्बन्धित विमानस्थलमा ग्राउन्ड ह्यान्डलिङलगायतका प्राविधिक तयारीको काम पनि तीव्रताका साथ भइ नै रहेको छ ।

पछिल्लो समय दिनहुँ सयौंको संख्यामा उच्च शिक्षाका लागि नेपालबाट विद्यार्थीहरू अस्ट्रेलियाका विभिन्न शहरमा जाने दर बढ्दो छ । त्यसैगरी, नेपालीहरू अष्ट्रेलियाबाट नेपाल आउने क्रम पनि बाक्लो नै छ । एउटा अनौपचारिक आँकडा अनुसार अष्ट्रेलियामा हाल २ लाख हाराहारी नेपाली बसोबास गर्ने गर्छन् । ती मध्ये अधिकांश विद्यार्थी रहेको तथ्यांक छ । विश्वभरबाट अध्ययनका निम्ति अष्ट्रेलिया जाने मुलुकहरूको सूचिमा नेपाल तेस्रो नम्बरमा पर्छ । तर, अष्ट्रेलियाका लागि हालसम्म नेपालबाट सिधा उडान नहुँदा नेपालीहरूले हैरानी र सास्ती खेप्नु परिरहेको तथ्य स्थापित जस्तै छ । यी विविध तथ्यहरूबीच नेपाल-अष्ट्रेलिया आउजाउ गर्ने थुप्रै नेपालीका साथै दुईतर्फी पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले काठमाडौं-सिड्नी नियमित उडान विस्तार गर्न अग्रसरता देखाइएको हो ।

विश्वव्यापी कोरोना महामारीले विश्व आक्रान्त बनेको बेला निगमले अस्ट्रेलियाका विभिन्न शहरमा उडान गरिसकेको छ । यसैलाई अनुभवका रूपमा आत्मसात् गर्दै अष्ट्रेलिया उडानलाई प्राथमिकता दिइएको हो । पछिल्लो सन्दर्भमा अस्ट्रेलिया-नेपाल सिधा उडान अत्यावश्यक रहेको पृष्ठभूमिमा निगमको पहल सर्वपक्षीय हितग्राही र सराहनीय कदम पक्कै पनि हो । काठमाडौंबाट सिधै नेपाली ध्वजाबाहक जहाज अस्ट्रेलिया जाँदा हरेक दिन दर्जनौंको संख्यामा नेपालबाट अस्ट्रेलिया र अष्ट्रेलियाबाट नेपाल आउजाउ गर्ने कतिपय अंग्रेजी नबुझ्ने अविभावकलाई सहज हुने नै छ, ट्रान्जिटको झन्झटिलो प्रक्रियाबाट पनि राहत मिल्ने छ । निगमको यस पहलले सार्थकता पाएको खण्डमा नेपाल-अष्ट्रेलिया सिधा उडानको ढोका खुल्ने त निश्चित छ नै, नेपाल-अस्ट्रेलिया द्विपक्षीय सम्बन्ध थप सुदृढ हुने र पारस्परिक हित समेत अभिबृद्धि हुने अपेक्षा गर्न सकिन्छ ।




राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगमले मध्यपूर्वका विभिन्न श्रम गन्तव्यमा पुऱ्याएको अनवरत हवाइ सेवाको कदर गर्दै नेपाली साझा मञ्च (साउदी अरेविया)को छैटौं वार्षिकोत्सवको अवसरमा निगमलाई प्रदान गरिएको सम्मान पत्र ।

## सम्पादक मण्डल

| | | |
|---|---|---|
| प्रधान सम्पादक | : | अर्चना खड्का |
| कार्यकारी सम्पादक | : | गणेश कुमार घिमिरे |
| सम्पादक | : | दिपेन्द्र सापकोटा/कल्पना काफ्ले |
| सह-सम्पादक | : | सुरेश सापकोटा |
| विभागीय प्रतिनिधिहरू | : | गोपाल प्र. तिवारी, इन्जिनियरिङ्ग मेन्टिनेन्स |
| | | दामोदर मिश्र, यात्रुसेवा |
| | | श्याम प्रसाद यादव, आन्तरिक लेखा परीक्षण |
| | | प्रकाश अधिकारी, गाउण्ड सपोर्ट |
| | | भाष्कर खनाल, मानव संशाधन |
| | | माधव लोहनी, कन्टिन्यूइङ्ग एयर वर्दिनेश मेनेजमेन्ट |
| | | यशोदा सिंखडा सापकोटा, वाणिज्य |
| | | रमेश कुमार पाण्डे सा.से. तथा सं. व्यवस्थापन |
| | | इन्द्र थापा, अर्थ |
| | | हरि दत्त पन्त, अपरेसन्श |
| | | सञ्जय कुमार देव, क्वालिटि एसुरेन्स एण्ड फ्लाईट सेफ्टी |
| प्रकाशक | : | बाह्य, जनसम्पर्क तथा प्रचार प्रसार महाशाखा, संस्थागत विभाग, नेपाल वायुसेवा निगम |
| | | www.nepalairlines.com.np |
| प्रेस सल्लाहकार | : | पुरू रिसाल |
| फोटो सल्लाहकार | : | हरि गोपाल प्रधान |

## गुल्मीको रेसुंगा विमानस्थलमा व्यावसायिक उडान थालनी

राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगमको नाइन एन (एबिटी) विमानले गुल्मीको रेसुंगा नगरपालिकाको सिमीचौरस्थित रेसुंगा विमानस्थलमा परीक्षण उडान सम्पन्न गरेको छ । निगम र रेसुंगा नगरपालिकाबीच सहकार्य गरी गुल्मीवासीलाई सहज हवाइ यातायात सेवा प्रदान गर्ने सहमतिसँगै परीक्षण उडान सम्पन्न भएको थियो । सफल परीक्षण उडान पश्चात निगमले व्यावसायिक उडान समेत थालनी गरेको छ । तत्कालका लागि निगमले हरेक शुक्रबार र मंगलबार काठमाडौं-रेसुङ्गा नियमित उडान पनि आरम्भ गरेको छ । यो रूटको भाडादर ६ हजार पाँच सय रूपैयाँ मात्रै कायम गरिएको छ । उक्त विमानस्थलको धावनमार्गको लम्बाइ पाँच सय २० मिटर र चौडाइ २० मिटर रहेको छ । एक सय ५६ रोपनी क्षेत्रफलमा फैलिएको रेसुंगा विमानस्थल समुन्द्र सतहदेखि एक हजार पाँच सय २६ मिटरको उचाइमा अवस्थित छ । उडान सञ्चालन पश्चात गुल्मी र छिमेकी जिल्लाका वासिन्दालाई समेत राहत पुग्ने विश्वास गरिएको छ ।




## सुगम क्षेत्रमा उडान भर्ने जहाज खरीदको गृहकार्य तीव्र

अन्तर प्रदेश हवाई आवद्धतालाई सघन तुल्याउने कार्ययोजना अनुरूप निगमले नेपालका सुगम क्षेत्र (Trunk Route) लाई मध्यनजर गर्दै उडान सञ्चालनका निम्ति तत्कालका लागि दुईवटा उपयुक्त विमान खरीदको गृहकार्य अघि बढाएको छ । २०८० वैशाख २६ गते सम्पन्न सञ्चालक समितिको वैठकले निगम सञ्चालक समितिका सदस्य वरिष्ठ क्याप्टेन सुधिर समशेर राईको संयोजकत्वमा नौ सदस्यीय उपसमिति गठन गरेको छ । सुगम क्षेत्रमा उडान भर्ने विमानको अभावका कारण निगमले ती क्षेत्रमा व्यावसायिक लाभ हासिल गर्ने गरी उडान सञ्चालन गर्न नसकिरहेको अवस्थामा जहाज खरीद पश्चात काठमाडौं, विराटनगर, भैरहवा, पोखरा, नेपालगञ्ज, धनगढी लगायतका स्थानमा उडान सञ्चालन मार्फत ती क्षेत्रका यात्रुलाई सुपथ मूल्यमा सहज हवाइ सेवा प्रदान गर्ने लक्ष्य राखिएको छ ।

## ऋण दायित्वको किस्ता भुक्तानी

निगमले अन्तर्राष्ट्रिय उडानको निम्ति खरीद गरेका न्यारोबडी र वाइडबडी विमानको लागि लिएको ऋण दायित्वको २०७९ चैत्र महिनाको किस्ता बापत २०७९ चैत्र ३० गते कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषलाई जम्मा रू. ५३,०९,५५,२८१।४५ (त्रिपन्न करोड नौ लाख पचपन्न हजार दुई सय एकासी रूपैयाँ, पैंतालिस पैसा) रकम भुक्तानी गरेको छ । २०७९ सालको आषाढमा रू १ अर्व ३५ करोड रूपैयाँ, आश्विनमा रू ७३ करोड ९ लाख पचपन्न हजार दुई सय एकासी रूपैयाँ, पौषमा रू ३३ करोड ९ लाख पचपन्न हजार दुई सय एकासी रूपैयाँ र चैत्रमा ५३ करोड ९ लाख ५५ हजार दुई सय एकासी रूपैयाँ गरी जम्मा २ अर्व ९४ करोड २८ लाख ६५ हजार आठ सय चौवालीस रूपैयाँ रकम भुक्तानी गरेको छ ।

साथै, विश्वव्यापी कोरोना महामारीको कारण निगमले व्यावसायिक शिथिलता भोग्नु परेको र सो अवधिको व्याजको व्याज, हर्जाना र पेनल छुट सहयोग गरिदिनका निम्ति कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषलाई आग्रह गरिएको छ । यसै सन्दर्भमा निगमले व्यहोर्नु पर्ने ऋण दायित्वको किस्ता संख्या वृद्धि गरेर ऋण भुक्तानीलाई सहजीकरण गरिदिन समेत निगमले उल्लिखित निकायलाई अनुरोध गरेको छ ।

## मलेसिया र सिंगापुरमा “नेपाल सेल्स् मिसन”को आयोजना

नेपाल पर्यटन बोर्डको सहयोगमा SOTTO Nepal (Society of Travel and Tour Operators Nepal) को आयोजनामा २३ अप्रिल देखि २८ अप्रिल २०२३ सम्म सिंगापुर र मलेसियामा नेपालको पर्यटन प्रवर्द्धनात्मक कार्यक्रम  Nepal Sales Mission सम्पन्न भएको छ । कोभिड-१९ ले थलाएको मुलुकको पर्यटनलाई चलायमान बनाउन अन्तर्राष्ट्रिय पर्यटन प्रवर्द्धनमा नेपालको सक्रियतासँगै उक्त कार्यक्रममा क्षेत्रीय तथा अन्तर्राष्ट्रिय पर्यटन उद्योग, बिक्रेता र पर्यटनसम्बद्ध सघसंस्था तथा व्यक्तित्वको सहभागिता रहेको थियो । कोभिडको सङ्क्रमण पछि विभिन्न अन्तर्राष्ट्रिय मञ्चमा नेपालको पर्यटन प्रवर्द्धनका काम भइरहेकोमा उक्त कार्यक्रमलाई अन्तर्राष्ट्रिय बजारमा नेपाली पर्यटन तथा उड्डयनसम्बद्ध क्षेत्रको प्रवर्द्धन गर्ने/गराउने प्रभावकारी मञ्चको रूपमा लिन सकिन्छ । उक्त अन्तर्क्रिया कार्यक्रममा राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगमबाट पनि सहभागिता रहेको थियो ।



## दोस्रो अन्तर्राष्ट्रिय बुद्धिष्ट ट्राभल मार्ट सम्पन्न

बुद्धको जन्मस्थल र विश्व शान्तिको उद्‌गमस्थलको रूपमा विश्व परिचित लुम्बिनीलाई बौद्ध परिक्रमाको आरम्भ विन्दु र शान्ति गन्तव्यको रुपमा प्रवर्द्धन गर्दै लुम्बिनी र नेपालमा रहेका अन्य बौद्ध स्थलहरुमा पर्यटक बसाइ लम्ब्याउने, पर्यटकलाई अन्तर्राष्ट्रिय गतिविधिलाई प्राथमिकता दिने लगायतका पक्षलाई प्राथमिकीकरण गर्दै लुम्बिनीमा आयोजित तीनदिने दोस्रो अन्तर्राष्ट्रिय बुद्धिष्ट ट्राभल मार्ट (२०२३) तथा बिमस्टेकको रजत जयन्ती समारोह सम्पन्न भएको छ । बुद्धसँग सम्बन्धित क्षेत्रका चार प्रमुख पवित्रस्थल नेपालको लुम्बिनी र भारतमा पर्ने बोधगया, सारनाथ र कुशीनगरको बौद्ध सर्किटलाई अन्य बौद्ध स्थलहरुसँग विस्तार गर्ने, गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्य अन्तर्राष्ट्रिय गन्तव्यमा आवद्धता विस्तार गर्नु पर्नेमा उक्त मार्टको जोड रहेको थियो ।

उक्त मार्ट अन्तर्राष्ट्रिय क्षेत्रमा बौद्ध पर्यटन, उत्पादन र गतिविधिहरुको विकासका साथै ब्रान्डिङ गर्ने वार्षिक कार्यक्रमको रुपमा स्थापित हुने विश्वास गरिएको छ । मार्टमा सहभागी विभिन्न मुलुकका प्रतिनिधिहरुले लुम्बिनीको पर्यटनलाई थप चलायमान बनाउने बताउनु भएको थियो । उक्त मार्टले विश्वव्यापी कोभिड महामारीले शिथिल तुल्याएको पर्यटन उद्योगलाई चलायमान बनाउने अपेक्षा गरिएको छ । नेपालसहित भारत, मलेसिया, चीन, कोरिया, बंगलादेश, म्यानमार, थाइल्यान्ड, श्रीलंकालगायत देशबाट दर्जन बढी ट्राभल तथा टूर कम्पनीका प्रतिनिधिको सहभागिता रहेको उक्त मार्टमा राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगमबाट पनि सहभागिता रहेको थियो ।



# पशुपति सरसफाइ अभियान सम्पन्न






श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री माननीय सुदन किरातीको अगुवाइमा 'स्वच्छ पशुपति, सफा पशुपति र हराभरा पशुपति' भन्ने मूल नारासहित थालनी भएको पशुपति सरसफाइ अभियान सम्पन्न भएको छ । उक्त अभियान सञ्चालन अवधिभर नेपाल वायुसेवा निगमले निरन्तर सक्रिय भूमिका निर्वाह गऱ्यो । अभियानका क्रममा निगमद्वारा पशुपति क्षेत्रमा वृक्षरोपण पनि गरियो । अभियानका क्रममा मन्त्रालय मातहतका कर्मचारी, अभियन्ता, नागरिक समाज, सञ्चारकर्मी लगायतको उल्लेख्य सहभागिता र साथ रहेको थियो ।

# विभागीय समाचार

## मानव संशाधन विभाग

### फाल्गुण

#### नियुक्ति

| क्र.सं. | कर्मचारीको नाम | तह | पद |
|---|---|---|---|
| १. | श्री दुर्गा नन्द मुखिया | ३ | सवारी चालक |
| २. | श्री कल्पना थारू | १ | कार्यालय सहयोगी |

#### सरुवा/पदस्थापना

| क्र.सं. | कर्मचारीको नाम | तह | पद | विभागबाट/विभागमा |
|---|---|---|---|---|
| १. | श्री किरणमान श्रेष्ठ | ८ | प्रबन्धक | पश्चिमाञ्चल क्षेत्रीय केन्द्र नेपालगञ्ज /ईन्जिनियरिङ्ग मेन्टिनेन्स विभाग |
| २. | श्री दिनेश न्यौपाने | ७ | वरिष्ठ अधिकृत | कन्टिन्यूयिङ्ग एअरवर्दीनेश म्यानेजमेन्ट विभाग / संस्थागत सुरक्षा महाशाखा |
| ३. | श्री शिशिर ज्ञवाली | ७ | वरिष्ठ अधिकृत | वाणिज्य विभाग / मानव संशाधन विभाग |
| ४. | श्री कल्पना काफ्ले | ७ | वरिष्ठ अधिकृत | वाणिज्य विभाग / संस्थागत विभाग |
| ५. | श्री विणा दाहाल | ७ | वरिष्ठ अधिकृत | वाणिज्य विभाग / अपरेसन्स विभाग |
| ६. | श्री बिमल भट्टराई | ७ | वरिष्ठ प्राविधिक अधिकृत | ईन्जिनियरिङ्ग मेन्टिनेन्स विभाग / क्वालिटी एसुरेन्स विभाग |
| ७. | श्री गुरूशरण साह | ६ | अधिकृत | अपरेसन्स विभाग / यात्रुसेवा विभाग |
| ८. | श्री ओमप्रकाश ठाकुर | ६ | अधिकृत | यात्रुसेवा विभाग / अपरेसन्स विभाग |
| ९. | श्री उमेश ढकाल | ५ | वरिष्ठ सहायक | यात्रुसेवा विभाग / संस्थागत विभाग |
| १०. | श्री चक्र बहादुर के.सी. | ५ | वरिष्ठ सहायक | वाणिज्य विभाग / श्री नायब महाप्रबन्धकज्यूको कार्यालय |
| ११. | श्री अर्जुन सुनार | ५ | वरिष्ठ लेखा सहायक | आन्तरिक लेखापरीक्षण विभाग / गौतम बुद्ध अन्तराष्ट्रिय विमानस्थल |

#### राजिनामा

| क्र.सं. | कर्मचारीको नाम | तह | पद |
|---|---|---|---|
| १ | श्री सुनिरा रेग्मी पौडेल | ८ | वरिष्ठ अपरेसन ईन्जिनियर |
| २ | श्री कमल अर्याल | ६ | लेखा अधिकृत |
| ३ | श्री किरण अधिकारी | ६ | अधिकृत |
| ४ | श्री कञ्चन के.सी. | ५ | वरिष्ठ लेखा सहायक |
| ५ | श्री टेकराज शाही | ५ | स्टेवार्ड |
| ६ | श्री अर्जुन कोईराला | ४ | सहायक |

#### अवकाश

| क्र.सं. | कर्मचारीको नाम | तह | पद |
|---|---|---|---|
| १ | श्री पदम बहादुर राना | ४ | सिनियर हेड लोडर |

### चैत्र २०७९

#### नियुक्ति

| क्र.सं. | कर्मचारीको नाम | तह | पद |
|---|---|---|---|
| १ | श्री बबिना राई | ३ | कनिष्ठ सहायक |
| २ | श्री मालती राई | ३ | कनिष्ठ सहायक |
| ३ | श्री अशोक कुमार राई | ३ | कनिष्ठ सहायक |
| ४ | श्री मञ्जु गौतम | ३ | कनिष्ठ सहायक |
| ५ | श्री उर्मिला लामिछाने | ३ | कनिष्ठ सहायक |
| ६ | श्री स्वस्तिका आचार्य | ३ | कनिष्ठ सहायक |

#### सरुवा/पदस्थापना

| क्र.सं. | कर्मचारीको नाम | तह | पद | विभागबाट/विभागमा |
|---|---|---|---|---|
| १. | श्री दामोदर भट्टराई | ७ | वरिष्ठ अधिकृत | साधारण सेवा तथा सम्पति व्यवस्थापन विभाग /वाणिज्य विभाग |
| २. | श्री छाँया गुरूङ्ग | ७ | वरिष्ठ लेखा अधिकृत | अर्थ विभाग/आन्तरिक लेखा परीक्षण विभाग |
| ३. | श्री श्याम प्रसाद यादव | ७ | वरिष्ठ लेखा अधिकृत | आन्तरिक लेखा परीक्षण विभाग/अर्थ विभाग |
| ४. | श्री अनुपमा घिमिरे | ७ | अटोमोबाईल ईन्जिनियर | ईन्जिनियरिङ्ग मेन्टिनेन्स विभाग/साधारण सेवा तथा सम्पति व्यवस्थापन विभाग |
| ५. | श्री सरोज कार्की | ७ | अटोमोबाईल ईन्जिनियर | ईन्जिनियरिङ्ग मेन्टिनेन्स विभाग/साधारण सेवा तथा सम्पति व्यवस्थापन विभाग |
| ६.. | श्री लोकेन्द्र हाङ्गम लिम्बु | ५ | वरिष्ठ सहायक | ताप्लेजुङ्ग स्टेशन/ वाणिज्य विभाग |

#### राजिनामा

| क्र.सं. | कर्मचारीको नाम | तह | पद |
|---|---|---|---|
| १ | श्री मुकेश कुमार गुप्ता | ९ | वरिष्ठ विमान चालक |
| २ | श्री कमल नेपाल | ५ | वरिष्ठ सहायक |
| ३ | श्री सुदिना श्रेष्ठ | ५ | वरिष्ठ प्राविधिक |
| ४ | श्री संगीता लामा | ५ | एअर होस्टेज |

## ग्राउण्ड सपोर्ट विभाग

- ICB प्रक्रियाद्वारा खरीद गरिएका Pushback Tractor (Cat.4) – 1Unit/Passenger Steps-12 units निगम अन्तर्गत विभागको मेन्टेनेन्स ह्यांगरमा Delivery भएको ।
- UN Mission को Uganda मा Charter Flight गर्नको लागि GSP छनोट गरी आवश्यक कार्य गरिएको ।
- निगमको Australia (SYD) / Srilanka (CMB) मा Scheduled flight गर्नको लागि Ground Handling Agreement (SGHA) को कार्य आगाडि बढाईएको ।
- BER को Auction प्रक्रिया अन्तर्गत आशयपत्र (LOI) सम्बन्धित Party लाई प्रदान गरिए पश्चात लिलाम विक्रीका सामानहरू उठाउने प्रकृया सुरु भएको ।
- निगमले भूमिस्थ सेवा प्रदान गर्दै आएको विभिन्न Customer Airlines मध्ये Jazeera Airways, Vistara Airlines, Cathay Pacific बाट Ground Handling Audit सम्पन्न गरी औल्याईएका Audit Finding/Observations लाई दिइएको समय सीमाभित्र नै Close गरिएको ।

---

## अपरेसन्श् विभाग

**माघ/फागुन**

- उडानको सुरक्षा अभिबृद्धि गर्न NAC ATO Safety Audit 2023 सम्पन्न ।
- दाङ र रेसुंगा विमानस्थलको Sector Fuel Calculation गर्ने कार्य सम्पन्न ।
- Lebanon को UN Mission Flight कुशलता पूर्वक सम्पन्न ।
- ऋुहरूका निम्ति Mandatory तथा Regular तालिम प्रदान/सम्पन्न ।
- Crew Lay Over का लागि कम्तीमा सातामा तीनवटा उडानहरू भएका Sector हरूमा पुनः Crew Lay Over सुचारू गरिएको ।
- Electronic Flight Bag को अध्यावधिकसहित कार्यान्वयन गरिएको ।

**(A): AIRCRAFT UTILISATION (FLEETWISE IN HRS.) MAGH 2079 (15-Jan-2023 To 12-Feb-2023)**

| FLEET | MONTHLY | REVENUE FLIGHTS | 0 | 0 | NON-REVENUE FLIGHTS | 0 | 0 | 0 | GRAND | SHARE IN |
|---|---|---|---|---|---|---|---|---|---|---|
| A320 & | OPERATED | HOURS | 0 | 0 | HOURS | 0 | 0 | 0 | TOTAL | % OF |
| A330 | 29 DAYS | SCH. | N.SCH /CHARTERED | TOTAL | ABT/DIV | TST. FLT | FERRY | TOTAL | RVN.+N.RV | REV.FLTS |
| 9N-ALY | 23 | 10.12083333 | 0 | 10.12083333 | 0 | 0 | 0 | 0 | 10.12083333 | 1 |
| 9N-ALZ | 26 | 10.18888889 | 1.902777778 | 12.09166667 | 0 | 0 | 0 | 0 | 12.09166667 | 1 |
| 9N-AKX | 29 | 7.822916667 | 0 | 7.822916667 | 0 | 0 | 0 | 0 | 7.822916667 | 1 |
| 9N-AKW | 18 | 16.51527778 | 0.275694444 | 16.79097222 | 0 | 0 | 0 | 0 | 16.79097222 | 1 |
| OVERALL | 0 | 44.64791667 | 2.178472222 | 46.82638889 | 0 | 0 | 0 | 0 | 46.82638889 | 1 |

**(B): AIRCRAFT UTILISATION (FLEETWISE IN HRS.) FALGUN 2079 (13-Feb-2023 To 14-Mar-2023)**

| FLEET | MONTHLY | REVENUE FLIGHTS | 0 | 0 | NON-REVENUE FLIGHTS | 0 | 0 | 0 | GRAND | SHARE IN |
|---|---|---|---|---|---|---|---|---|---|---|
| A320 & | OPERATED | HOURS | 0 | 0 | HOURS | 0 | 0 | 0 | TOTAL | % OF |
| A330 | 30 DAYS | SCH. | N.SCH /CHARTERED | TOTAL | ABT/DIV | TST. FLT | FERRY | TOTAL | RVN.+N.RV | REV.FLTS |
| 9N-ALY | 26 | 15.41388889 | 0 | 15.41388889 | 0 | 0 | 0 | 0 | 15.41388889 | 1 |
| 9N-ALZ | 26 | 12.025 | 0 | 12.025 | 0 | 0 | 0 | 0 | 12.025 | 1 |
| 9N-AKX | 27 | 14.29027778 | 0 | 14.29027778 | 0 | 0 | 0 | 0 | 14.29027778 | 1 |
| 9N-AKW | 19 | 18.26319444 | 0 | 18.26319444 | 0 | 0 | 0 | 0 | 18.26319444 | 1 |
| OVERALL | 0 | 59.99236111 | 0 | 59.99236111 | 0 | 0 | 0 | 0 | 59.99236111 | 1 |

# Ground Support Department TACC Section
# LOST AND FOUND RECORD SUMMARY

| S.N. | Year Months | Found Materials/Goods (in Frequency) | | | | | | | | Tot. pcs. | HOV to Airlines | | | | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Mob | Cam | Mny | ipd/Laptop | PP | Gld | Note | Elx | | Staff | Crew | Police/security | Paxs | |
| 3 | 2079 Falgun | 2 | 0 | 8 | 7 | 0 | 0 | 0 | 15 | 32 | 30 | 2 | 0 | | |
| 3 | 2079 Chaitra | 3 | 2 | 5 | 11 | 0 | 1 | 0 | 13 | 35 | 24 | 4 | 7 | | |
| **Total** | | **5** | **2** | **13** | **18** | **0** | **1** | **0** | **28** | **67** | **54** | **6** | **7** | | |

**नोट**:
उपरोक्त विवरण ग्राउण्ड सपोर्ट विभाग टी.ए.सी.सी शाखा अन्तर्गत विमानस्थलमा विमानको क्याबिन सफाई गर्ने क्रममा यात्रुहरूबाट छाडिएका सामानहरू यस विभागमा कार्यरत कर्मचारीहरूले पाई सम्बन्धित ठाँउमा बुझाएका सामानहरूको हो ।

**Details**
Mob : Mobiles /Cam : Different types of movie and still camera/watch./Mny : Money and wallets/ipd : i-phone, i-pod, i-pad, tablets, Laptop etc. Gld: Gold and ornaments/Elx : Other electronic appliances/items, games, pendrives, Powr Bank etc. Hov : Handed over to the related airlines (staff, crew, passengers) PP : Passport

## Performance Report of Flights from Kathmandu for the month of MANGSHIR AND POUSH 2079

| FLIGHT PERFORMANCE (%) | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| FLEEET/MONTH | A330 9N-ALY | | A330 9N-ALZ | | A320 9N-AKW | | A320 9N-AKX | | OVERALL | |
| PARTICULARS | MANGSHIR | POUSH | MANGSHIR | POUSH | MANGSHIR | POUSH | MANGSHIR | POUSH | MANGSHIR | POUSH |
| RELIABILITY | 100% | 100% | 100% | 100% | 100% | 100% | 100% | 100% | 100% | 100% |
| PUNCTUALITY | 55% | 61% | 53% | 38% | 57% | 46% | 53% | 62% | 54% | 52% |

## DUTY ROSTER OF RA CLINIC DOCTORS & NURSES FOR HEAD OFFICE

| S.N. | NAME OF DOCTORS | SUNDAY | MONDAY | TUESDAY | WEDNESDAY | THURSDAY | FRIDAY |
|---|---|---|---|---|---|---|---|
| 1. | Dr. RANJEET S. BARAL<br>Consultant Cardiologist/AME & General Physician<br>NMC: 1516<br>Mobile No. 9851053577 | 1200-1300 | 1200-1300 | | | 1200-1300 | |
| 2. | DR. GYANENDRA SHAH<br>Senior Consultant, Orthopedic Surgeon<br>NMC: 4723<br>Mobile No. 9851029425 | | 1300-1400 | | | 1300-1400 | 1100-1200 |
| 3. | DR. LOCHAN KARKI<br>Consultant Physician<br>NMC: 4687<br>Mobile No. 9851056689 | | | 1500-1600 | | 1500-1600 | 1300-1400 |
| 4. | Dr. KAVITA ADHIKARI<br>Consultant Gynecologist<br>NMC: 3679<br>Mobile No. 9851176411 | 1500-1600 | | 1500-1600 | 1500-1600 | | |
| 5. | Dr. SHIVAJI BIKRAM SILWAL<br>Consultant Cardiologist<br>NMC: 6335<br>Mobile No. 9801022997 | | 1500:1600 | | 1500:1600 | | 1400-1500 |
| 6. | Dr. BISHWA RAJ DAWADI<br>Consultant Family Physician<br>NMC: 4996<br>Mobile No. 9841226322 | 1300-1400 | | 1300-1400 | 1300-1400 | | |

# Commercial Department
## Traffic and Revenue Performance of Schedule Flights of Domestic & International Stations As of Falgun & Chaitra, 2079

| Region | Falgun 2079 | | | | Chaitra 2079 | | | | Total in Two Months | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | Total Revenue Passenger Flown | Passenger Revenue | Freight Revenue | Total Revenue | Total Revenue Passenger Flown | Passenger Revenue | Freight Revenue | Total Revenue | Grand Total Passenger Flown | Grand Total Revenue in NPR |
| Domestic | 2,077 | 13,992,891 | 137,386 | 14,130,277 | 1,960 | 13,323,589 | 100,655 | 13,424,244 | 4,037 | 27,554,521 |
| **Domestic Total** | **2,077** | **13,992,891** | **137,386** | **14,130,277** | **1,960** | **13,323,589** | **100,655** | **13,424,244** | **4,037** | **27,554,521** |
| KTM-NRT | 3,205 | 266,320,840 | 8,824,910 | 275,145,750 | 3,214 | 288,026,072 | 7,655,530 | 295,681,602 | **6,419** | **570,827,352** |
| NRT-KTM | 2,926 | 215,058,748 | 3,566,280 | 218,625,028 | 2,908 | 197,556,984 | 3,763,860 | 201,320,844 | **5,834** | **419,945,872** |
| KTM-DXB | 3,650 | 105,105,500 | 2,981,362 | 108,086,862 | 3,297 | 104,343,160 | 2,549,712 | 106,892,872 | **6,947** | **214,979,734** |
| DXB-KTM | 3,884 | 64,917,824 | 3,321,828 | 68,239,652 | 3,386 | 57,575,741 | 3,240,434 | 60,816,175 | **7,270** | **129,055,827** |
| KTM-DEL | 6,791 | 50,536,680 | 3,472,620 | 54,009,300 | 10,026 | 98,090,180 | 3,880,925 | 101,971,105 | **16,817** | **155,980,405** |
| DEL-KTM | 6,788 | 42,340,480 | 1,488,196 | 43,828,676 | 9,238 | 73,199,192 | 537,884 | 73,737,076 | **16,026** | **117,565,752** |
| KTM-KUL | 3,870 | 145,148,100 | 1,924,244 | 147,072,344 | 3,304 | 120,958,620 | 2,260,146 | 123,218,766 | **7,174** | **270,291,110** |
| KUL-KTM | 3,044 | 48,493,488 | 551,490 | 49,044,978 | 2,115 | 32,151,379 | 448,297 | 32,599,676 | **5,159** | **81,644,654** |
| KTM-DOH | 5,824 | 178,932,220 | 1,741,380 | 180,673,600 | 5,121 | 170,552,380 | 2,873,675 | 173,426,055 | **10,945** | **354,099,655** |
| DOH-KTM | 5,548 | 120,120,957 | 4,021,964 | 124,142,921 | 4,536 | 88,540,027 | 3,211,280 | 91,751,307 | **10,084** | **215,894,228** |
| KTM-BKK | 1,789 | 43,722,520 | 575,397 | 44,297,917 | 2,133 | 52,728,440 | 546,922 | 53,275,362 | **3,922** | **97,573,279** |
| BKK-KTM | 1,548 | 49,453,240 | 2,661,094 | 52,114,334 | 1,413 | 45,138,040 | 1,480,746 | 46,618,786 | **2,961** | **98,733,120** |
| KTM-HKG | 1,370 | 74,201,400 | 2,473,484 | 76,674,884 | 1,366 | 78,841,720 | 2,061,624 | 80,903,344 | **2,736** | **157,578,228** |
| HKG-KTM | 1,145 | 39,956,808 | 6,398,970 | 46,355,778 | 960 | 44,174,352 | 7,117,125 | 51,291,477 | **2,105** | **97,647,255** |
| KTM-BOM | 421 | 2,865,280 | 47,954 | 2,913,234 | 1,372 | 10,891,960 | 67,902 | 10,959,862 | **1,793** | **13,873,096** |
| BOM-KTM | 652 | 4,958,984 | 278,390 | 5,237,374 | 1,206 | 8,476,104 | 394,334 | 8,870,438 | **1,858** | **14,107,812** |
| KTM-BLR | 1,826 | 14,046,680 | 109,560 | 14,156,240 | 1,919 | 14,699,920 | 83,280 | 14,783,200 | **3,745** | **28,939,440** |
| BLR-KTM | 1,659 | 10,070,120 | 220,068 | 10,290,188 | 1,680 | 12,792,400 | 202,488 | 12,994,888 | **3,339** | **23,285,076** |
| KTM-RUH | 828 | 29,172,248 | 12,784 | 29,185,032 | 999 | 38,075,984 | 4,900 | 38,080,884 | **1,827** | **67,265,916** |
| RUH-KTM | 687 | 12,820,635 | 212,480 | 13,033,115 | 751 | 13,950,292 | 204,800 | 14,155,092 | **1,438** | **27,188,207** |
| **Intl Total** | **57,455** | **1,518,242,752** | **44,884,455** | **1,563,127,207** | **60,944** | **1,550,762,947** | **42,585,864** | **1,593,348,811** | **118,399** | **3,156,476,018** |
| **Grand Total** | **59,532** | **1,532,235,643** | **45,021,841** | **1,577,257,484** | **62,904** | **1,564,086,536** | **42,686,519** | **1,606,773,055** | **122,436** | **3,184,030,539** |

**Note:**

1. Prepared on the basis of data submitted from respective stations.
2. Domestic Revenue includes revenue from operated scheduled flight.
3. International Revenue calculated on the basis of Yield.
4. Charter Flights are not included in above data.